# आकाशवाणी गान्तोक

## प्रादेशिक समाचार : २२ मार्च २०२६

### पटना - सिक्किमको सहकारी प्रतिनिधिमण्डलको सहभागिता

सिक्किम सरकारको सहकारी विभागअन्तर्गत तीन सदस्यीय **प्रतिनिधिमण्डलले** बिहारको पटना शहरमा आयोजित "पूर्वी भारतमा किसान सहकारी संस्थाहरू सशक्तिकरण" विषय सम्बन्धि कार्यशालामा सहभागिता जनाएको छ। उक्त कार्यशाला "NITI राज्य कार्यशाला श्रृंखला" अन्तर्गत राज्य सहयोग मिशनको पहलमा आयोजना गरिएको हो। प्रतिनिधिमण्डलमा गान्तोक जिल्लाका सहकारी समाजका सहायक रजिष्ट्रार, पोलोक बोरोंग MPCS लिमिटेडका अध्यक्ष तथा राकडोङ तिनतेक MPCS लिमिटेडका प्रबन्धक सहभागी हुनुहुन्थ्यो । १९-२० मार्च गरि दुई दिनसम्म चलेको कार्यक्रममा प्राथमिक कृषि सहकारी संस्थाहरू )PACS) का सबल पक्ष , चुनौती , अवसरहरूको विश्लेषण गरिनुका साथै डिजिटल, वित्तीय तथा नीतिगत **नवप्रवर्तनमार्फत** प्राथमिक कृषि सहकारी संस्था लाई बहु सेवा-मुखी ग्रामीण संस्था तथा मूल्य शृंखला उद्यमका रूपमा सशक्त बनाउन सकिने उपायहरू प्रस्तुत गरिएको थियो I कार्यशालामा गान्तोक जिल्लाका सहायक रजिष्ट्रारले सिक्किमका सहकारी संस्थाहरूले अपनाएका "श्रेष्ठ अभ्यासहरू" सम्बन्धी आलेख प्रस्तुत गर्नुभयो ।

### सोरेंगमा जल महोत्सव २०२६ भव्यतापूर्वक सम्पन्न

गत २१ मार्च २०२६का दिन सोरेंग जिल्लामा जल तथा सरसफाइ मिशन )DWSM) अन्तर्गत गाउँस्तरीय जल एवं सरसफाइ समितिहरू र सोरेंग ब्लकसँग सहकार्य गर्दै सोरेंग बस्तीमा जल महोत्सव २०२६ आयोजना गर्यो। यस महोत्सवले सामुदायिक जल व्यवस्थापन र दिगोपनालाई सुदृढ बनाउन उल्लेखनीय योगदान पुर्याएको बताइएको छ ।

सोरेंग जिल्लाका जल तथा सरसफाइ मिशनका अध्यक्षको प्रमुख आतिथ्यमा सम्पन्न यस कार्यक्रम मा, पञ्चायत प्रतिनिधि, जिल्ला अधिकारी, इन्जिनियर, बेयरफुट इन्जिनियर तथा स्थानीय जनसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो I

यस कार्यक्रमको थालनी संगै जिल्लाले "स्वच्छ पानी, स्वस्थ हामी" भन्ने नारासहित जल संकल्प अभियान सुरु गरेको छ । यस अभियानले घरपरिवारलाई, जिम्मेवारीपूर्ण जल प्रयोग, सरसफाइ अभ्यास तथा, दिगो व्यवहार अपनाउन प्रोत्साहित हुने आशा गरिएको छ विश्व जल दिवसको अवसरमा स्थानीय विद्यालयहरूमा सचेतना कार्यक्रम पनि सञ्चालन गरियो, जहाँ बालबालिकालाई जल संरक्षण र दिगो अभ्यासबारे शिक्षा प्रदान गरियो ।

### छैटौं डेन्जोङ देचेन शिङद्रुप मोनलम छेनमो भव्य रूपमा सम्पन्न

**छैटौं** (Denzong, Dichen Tshringdrup Menlom Tschenmo ) **समारोह आज गान्तोक अवस्थित ताथांगचेनमा भव्य आध्यात्मिक वातावरणमा सम्पन्न भएको छ। आठौं**

दिनको पावन अवसरमा परम आदरणीय गुरु Khyabjey Gonjang Rimphochi द्वारा श्रद्धालुहरूलाई "वाङ" (आशीर्वाद) प्रदान गर्नुभयो

यस पावन अवसरमा स्थानीय क्षेत्रका विधायक तेन्जिङ नोर्बु लाम्थाको उपस्थिति रहनुका साथै देश–विदेशबाट आउनुभएका श्रद्धालुहरूको उल्लेखनीय सहभागिता थियो

कार्यक्रमको सफल समापन प्रति खुशी व्यक्त गर्दै विधायकले यसमा सहयोग पुर्याउनुहुने सम्पूर्ण श्रद्धालुहरूलाई आभार व्यक्त गर्दै यस्ता आध्यात्मिक आयोजनले समाजमा शान्ति, सद्भाव र सकारात्मक ऊर्जा फैलाउने विश्वास व्यक्त गर्नुभएको ।

## सिक्किममा राष्ट्रिय जुनियर ब्याडमिन्टन

सिक्किममा पहिलो पटक राष्ट्रिय जुनियर ब्याडमिन्टन च्याम्पियनसिप आयोजना हुने भएको छ । आगामी नोभेम्बर १४ देखि २१ सम्म सञ्चालन हुने ४९औँ **योनिक्स** सनराइज जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप )U-19)

२०२६को आयोजनका निमित्त भारतीय ब्याडमिन्टन संघले सिक्किमलाई चयन गरेको छ। सिक्किमले पहिलो पटक यति ठूलो स्तरको राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता आयोजना गर्ने अवसर पाएको बताइएको छ। यसको जानकारी सिक्किम ब्याडमिन्टन संघका अधक्ष्य ज्याकोब खालिंग द्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको छ । प्रतियोगितामा देशभरका उत्कृष्ट जुनियर ब्याडमिन्टन खेलाडीहरू सहभागी हुनेछन्। सिक्किमलाई यो अवसर प्रदान गरिएकोमा भारतीय ब्याडमिन्टन संघ प्रति आभार व्यक्त गर्नुभएको छ ।

## पाल्जोर स्टेडीयममा राज्य खेलकुद अकादमी फुटबल अन्तिम छनोट परीक्षण सुरु

सिक्किम सरकार अधिनस्थ राज्य खेलकुद अकादमीमा फुटबल विधाका खेलाडीहरुको प्रवेश का निमित्त अन्तिम चरणको छनोट परीक्षण आइतबार पाल्जोर स्टेडिएममा भइरहेको छ। यस अन्तिम चरणको परिक्षणमा जम्मा ३५ जना युवा खेलाडीहरू प्रतिस्पर्धामा गरिरहेछन । यीमध्ये केवल ९ जनाले मात्र अकादमीमा स्थान सुरक्षित गर्न पाउनेछन। छनोट प्रक्रियाको निरीक्षण, पूर्व फुटबल खेलाडी छेवाङ पौल, सञ्जु प्रधान र बिकाश जरु, साथै खेलकुद विभागका प्रशिक्षक पुष्पा गुरुङको प्यानलले गरिरहेको छ। शनिबार सम्पन्न प्रारम्भिक परीक्षणमा करिब १२५ जना आकांक्षी सहभागीहरुले भाग लिएका थिए। त्यसमध्ये ३५ जनालाई अन्तिम चरणमा प्रवेश दिइएको हो।

छनोट परीक्षण खेलकुद विभागका संयुक्त निर्देशक जिग्मे युजार र पाल्जोर स्टेडियमका प्रभारी नविन लामाको निगरानीमा भइरहेको छ।

**सिक्किमका विभिन्न जिल्लामा मौसम पूर्वानुमान चेतावनी**

भारततीय मौसम विज्ञान विभागले आगामी २६ मार्च सम्म सम्म सिक्किमका विभिन्न जिल्लामा मौसम प्रतिकुल रहने चेतावनी जारी गरेको छ। यस अवधिमा मेघगर्जन, चट्याङ र तीव्र हावा चल्ने सम्भावना रहेको, विभागले जनाएको छ।

आगामी दुइ दिन मा मंगन र पाक्योङ जिल्लामा मेघगर्जन हुने सम्भावना छ भने, गान्तोक, गेजिंग नामची र सोरेङ जिल्लामा आगामी २४ मार्चमा ३० देखि ४० किलोमिटर प्रतिघण्टाको वेगमा हावा चल्ने साथै असिना र वर्षा हुने सम्भावना छ।

मार्च २५–२६ मा पनि राज्य प्राय सबै भागमा यस्तै मौसमी अवस्था देखिने अनुमान गरिएको छ।

विभागले स्थानीय बासिन्दालाई मौसम प्रतिकुल रहने हुँदा आवस्यक सतर्कता साथै सावधानी अपनाउन आग्रह गरेको छ।